का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ वैशाख २०८२,
सोमबार
12 May, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ९९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# जलनपीडितलाई राज्यकै उपेक्षा

३१ साउन २०८१ मा संसद्मा पुगेको मानव शरीर जलन नियन्त्रण तथा सजायसम्बन्धी विधेयक अगाडि बढ्न नै नसकेको हो



स्वास्थ्यमन्त्रीज्यू र सरकारलाई कडा रूपमा आग्रह गर्दछु कि विधेयक छलफलमा ल्याइयोस् र भविष्यमा जलनपीडितको उपचारमा अन्योल नहोस्

■ विन्दावासिनी कंसाकार
प्रतिनिधिसभा सदस्य

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।

मानव शरीर जलन नियन्त्रण तथा सजायसम्बन्धी विधेयक संसद्मा अलपत्र परेको छ। ३१ साउन २०८१ मा संसद्मा पुगेको यो विधेयक झण्डै १ वर्षसम्म पनि अगाडि बढ्न सकेको छैन।

मुलुकी अपराध संहिता र तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐनमा समेटिएका केही विषयलाई समेटेर नयाँ कानुनको प्रस्ताव गर्दै प्रतिनिधिसभा सदस्य विन्दावासिनी कंसाकारसहित १७ सांसदले यो विधेयक सभामा लगेका हुन्।

संसद्मा सरकारी र गैरसरकारी विधेयक दुवै पुग्छन्। तर, अगाडि बढाउन सम्बन्धित मन्त्री तयार हुनुपर्छ। जलनसम्बन्धी विधेयक गैरसरकारी विधेयक भएकाले सरकारले प्राथमिकतामा नराख्दा अगाडि बढ्न नसकेको >>> पृष्ठ २ मा



*३१ साउन २०८१ मा संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डे समक्ष जलनसम्बन्धी विधेयक दर्ताका लागि पेस गर्दै सांसदहरू।*

# निजामती सेवा विधेयकमा सत्तारूढ दलमै मतान्तर

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।



निजामती सेवाका कर्मचारीलाई संघीय निजामती सेवा विधेयक 'कुलिङ पिरियड'को अवधि विषयमा सत्तारूढ दलबीचमै मतान्तर देखिएको छ।

सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेबीच निजामती सेवाका कर्मचारीलाई 'कुलिङ पिरियड'को अवधि विषयमा मतान्तर देखिएपछि संघीय निजामती सेवा विधेयक अलपत्र परेको छ।

अवकाशप्राप्त कर्मचारीलाई सरकारी वा संवैधानिक पदमा नियुक्तिअघि कति वर्ष 'कुलिङ पिरियड' (समयसीमा) तोक्ने विषयमा सत्तारूढ दलबीच सहमति नभएपछि राज्य व्यवस्था तथा सुशासन समिति आइतबार पनि टुंगोमा पुग्न सकेन।

आइतबार सिंहदरबारमा 'संघीय निजामती सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०'का सम्बन्धमा समितिको अन्तिम मस्यौदा प्रतिवेदनमाथि छलफल गर्न समितिको बैठक बोलाइएको थियो।

समितिको बैठकले प्रतिवेदनमाथि छलफल गरी सहमतिबाटै विधेयकलाई पास गरेर प्रतिनिधिसभामा पेस गरेको थियो। तर, सत्ता साझेदार दलकै बीचमा मत बाझिएपछि समितिबाट विधेयक पास हुन नसकेको हो।

विधेयकका सम्बन्धमा प्रायः सबै विषयमा एकमत भए पनि 'कुलिङ पिरियड'को अवधि र सेवा उमेर हदमा भने सत्ता गठबन्धनकै >>> पृष्ठ २ मा

## अवकाश उमेर पनि पेचिलो

यस्तै, कर्मचारीको अवकाश उमेर ५८ बाट बढाएर एकै पटक ६० वर्ष पुर्‍याउने वा चरणबद्ध रूपमा कसरी पुर्‍याउने भन्ने विषय पनि पेचिलो बनेको छ।

समितिले आइतबार सदस्य सांसदहरूलाई प्रतिवेदन वितरण गरेको छ।

बैठकमा उमेर हदमा लोकसेवाको सुझावविपरीत गर्न खोजिएको भन्दै सांसदहरूले प्रश्न उठाएका हुन्।

ऐन प्रारम्भ भएको आर्थिक वर्षभर ५८ वर्ष, दोस्रो आर्थिक वर्षको ६ महिनासम्मका लागि ५८ वर्ष ६ महिना, त्यसपछिको दोस्रो १ वर्षसम्मका लागि ५९ वर्ष ६ महिना र अवधि समाप्त भएको ६ महिनासम्म ६० वर्ष कायम हुनेगरी मस्यौदा प्रतिवेदन बनाइएको छ।

तर, आयोगको प्रस्ताव भने फरक छ। आयोगले ७ वैशाखमा पठाएको प्रस्तावमा भनिएको छ, 'यो ऐन प्रारम्भ भएको मितिले निजामती कर्मचारीको अनिवार्य अवकाश हुने उमेर चालू आर्थिक वर्षसम्म ५८ वर्ष, त्यसपछिको पहिलो ६ महिनासम्मका लागि ५८ वर्ष ६ महिना, त्यसपछिको >>> पृष्ठ २ मा

# सीप प्रवर्धनमा बौद्ध गुम्बा

यी स्थलहरूमा पर्यटकको आगमनले स्थानीय व्यापार, यातायात, होटल तथा हस्तकलाको व्यवसायलाई समेत बढाएको छ। गुम्बाहरूमा धार्मिक कर्मकाण्डसँगै नैतिकता, सीप र पर्यटन प्रवर्धनको पक्ष जोडिएको छ



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।

विविध धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाले भरिएको मुलुक नेपालमा बौद्ध धर्म र यसका प्रतीक गुम्बाहरूले हाम्रो समाजमा गहिरो प्रभाव पारेका छन्। धार्मिक आस्था र ध्यानको केन्द्र मात्र नभई समाजमा नैतिकता, सीप विकास र पर्यटन प्रवर्धनमा समेत अहं भूमिका रहेको बौद्ध गुम्बाहरूमा शान्ति, सहिष्णुता, सत्य र करुणाको महत्त्व बारेमा शिक्षासमेत दिइन्छ।

धेरै बौद्ध गुम्बामा चित्रकला, मूर्तिकला, मन्त्रोच्चारण, ध्यान विधि, भाषा (संस्कृत, पाली, तिब्बती) आदि तालिमहरू गराउने गरिएको धर्मगुरुहरू बताउँछन्। यस्ता सीपहरूले व्यक्तिको आत्मनिर्भरता बढाउनुका साथै परम्परागत ज्ञानको संरक्षणमा सहयोग पुर्‍याउने बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समितिका अध्यक्ष फुपु छेम्बे शेर्पाले बताए।

विशेषगरी महिला र बालबालिकाहरूका लागि यस्ता कार्यक्रमले आर्थिक तथा सामाजिक सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको उनको दाबी छ।

त्यस्तै, बौद्ध गुम्बाहरू नेपालमा धार्मिक तथा सांस्कृतिक पर्यटनको केन्द्र बनेका छन्। स्वयम्भूनाथ, बौद्धनाथ, कपिलवस्तु, लुम्बिनी जस्ता ऐतिहासिक स्थलहरू लाखौं आन्तरिक तथा विदेशी पर्यटकहरूको आकर्षणका केन्द्र बनेका छन्। यी स्थलहरूमा पर्यटकको आगमनले स्थानीय व्यापार, यातायात, होटल तथा >>> पृष्ठ २ मा

## आज २५६९औं बुद्धजयन्ती

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ वैशाख ।

शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित सिद्धार्थ गौतमको २५६९औं जयन्ती आज सोमबार मनाइँदै छ। प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती मनाइन्छ। सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुर्‍याएको योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिन्छ।

बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्छन्।

'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो' यस्ता अनेकौं कालजयी सन्देशका वाहक गौतम बुद्धको २५६९औं जयन्ती शान्तिको कामना गर्दै देशभर मनाउन लागिएको हो।

बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ। आमसर्वसाधारणलाई बेलुकी घरमा दीपावली गरेर बुद्धजयन्ती मनाउन सरकारले आह्वान गरेको छ।

यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्धजयन्ती मनाउने परम्परा छ। इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६९ वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो।

यसै अवसरमा लुम्बिनी विकास कोषले २८ देखि ३० वैशाखसम्म रुपन्देही, कपिलवस्तु र नवलपरासीमा विविध कार्यक्रमको आयोजना गरेको छ। कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बुद्धजयन्ती राष्ट्रिय गौरवको इतिहास बोकेको उत्सव भएकाले >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कम्पनी टाट पल्टिँदा साउदीमा ५०० कामदार अलपत्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ वैशाख ।

सांसदहरूले साउदी अरेबियामा कम्पनी टाट पल्टिँदा नेपाली कामदार अलपत्र परेको भन्दै तत्काल उद्धारका लागि सरकारसँग माग गरेका छन्। प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले वैदेशिक रोजगारीका क्रममा साउदी अरेबियामा अलपत्र परेका नेपालीको तत्काल उद्धार गर्न माग गरेका हुन्।

बैठकको आकस्मिक समयमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ज्ञानबहादुर शाहीले साउदी अरेबियाको जुबेलमा ४६९ नेपाली काम र तलबविहीन बन्धकजस्तो अवस्थामा राखिएको भन्दै उनीहरूको तत्काल उद्धारका लागि सरकारसँग माग गरे। सांसद शाहीले विदेशी भूमिमा बन्धक सरह बनाइएका नेपालीको उद्धारका लागि परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तत्कालै पहल गर्नुपर्ने बताए।

वैदेशिक रोजगारीमा जाने नेपालीहरू निरन्तर ठगीमा परिरहेको भन्दै सांसद शाहीले विदेशी मुलुकमा समस्यामा रहेका नेपालीको समयमा नै उद्धार गर्नु सरकारको कर्तव्य भएको उल्लेख गरे।

साउदी अरेबियाको पूर्वी क्षेत्र जुबेलमा रहेको सेन्दान इन्टरनेशनल कम्पनी लिमिटेडमा विगत ८ महिनादेखि ४६९ जना नेपाली कामविहीन भएको भएपनि समाचार भने आइतबार मात्रै सार्वजनिक भएको थियो। रियादस्थित नेपाली दूतावासले >>> पृष्ठ २ मा

## अर्थतन्त्र थप बलियो

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।

आन्तरिक अर्थतन्त्र बिस्तारै चलायमान हुँदै गर्दा देशको आर्थिक तथा वित्तीय स्थिति बलियो बन्दै गएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को (साउन-चैत)सम्म ९ महिनाको तथ्यांकले विदेशी मुद्रा सञ्चिति, निर्यात र आयातमा देखिएको सुधार, शोधानान्तर बचत तथा रेमिटयान्स भित्रिँदा अर्थतन्त्र थप बलियो भएको देखाएको हो।

विस्तृत समाचार ८ मा...



# सवारी साधन अनुमपतिपत्र छपाइको तयारीमा संचार मन्त्रालय



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सुरक्षण मुद्रण केन्द्रमार्फत सवारीसाधन अनुमतिपत्र (लाइसेन्स) छाप्ने तयारीमा जुटेको छ । आइतबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानाबीच भएको छलफल मुलुकभित्रै सवारीसाधन अनुमतिपत्र छाप्नसक्ने विषयमा अनौपचारिक सहमति भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ । छलफलमा मन्त्रीद्वय, सञ्चारसचिव राधिका अर्याल, यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, केन्द्रका कार्यकारी निर्देशक ढुंगानालगायत कर्मचारीको उपस्थिति थियो ।

सञ्चारमन्त्री गुरुङले सुरक्षण मुद्रण केन्द्रमार्फत सवारीसाधन अनुमपतिपत्र छाप्ने विषय अत्यन्त महत्वपूर्ण रहेको बताउँदै यसका लागि प्राविधिक र जनशक्तिको प्रबन्ध गर्ने प्रतिबद्धता जनाए । 'मन्त्रालयको महत्वपूर्ण योजनामध्ये मुद्रण केन्द्रलाई नियमित सञ्चालन गर्नु पनि एक हो । यथाशीघ्र केन्द्रमार्फत छपाइको काम सुरुआत गर्नेछौं । त्यसका लागि आवश्यकपर्ने भौतिक र प्राविधिक तयारीमा लाग्नेछौं', उनले भने ।

मन्त्री गुरुङले स्वदेशमा आवश्यक कागजात छाप्नु भनेको देशको स्वाभिमान र गौरवका साथै रोजगारीका अवसर सृजना हुने भएकाले सरकारका छपाइसम्बन्धी कार्य केन्द्रमार्फत गर्ने तयारी भइरहेको बताए । स्वदेशमा आयआर्जन हुनुका साथै रोजगारीका अवसर पनि सृजना हुने भएकाले यथाशीघ्र छपाइलाई निरन्तरता दिने उनले उल्लेख गरे ।

यातायातमन्त्री दाहालले सरकार नयाँ र महत्त्वपूर्ण कार्यको सुरुआत गरेर जनतामा सकारात्मक र भरोसापूर्ण सन्देश छोड्नुपर्ने धारणा राखे । उनले सञ्चार मन्त्रालयसँग यथाशीघ्र सहकार्य गरेर सुरक्षण मुद्रण केन्द्रसँग लाइसेन्स छापाइसम्बन्धी लिखित सम्झौता गरिने प्रतिबद्धता जनाए ।

सञ्चार सचिवसमेत रहेकी सुरक्षण मुद्रण केन्द्रकी अध्यक्ष अर्यालका अनुसार छलफलमार्फत सञ्चार मन्त्रालयले सवारीसाधन अनुमपतिपत्र छाप्न सकिने निष्कर्ष निकालेको छ । केन्द्रका कार्यकारी निर्देशक ढुंगानाले छलफलमा उठेका विषयलाई सञ्चालक समितिको बैठकमा प्रस्ताव पेस गरेर सम्झौतामा हस्ताक्षर गर्नेदेखि छाप्ने मिति तय गरिने जानकारी दिए ।

छलफलले करिब ३० लाख लाइसेन्स छाप्नसक्ने निष्कर्ष निकालेको छ । दुई वर्षअघि सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलसहित नौ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरिएको थियो । त्यसपछि कार्यकारी निर्देशकविहीन भएको केन्द्र निष्क्रिय बनेको थियो । सञ्चारमन्त्री गुरुङले निष्क्रिय अवस्थामा रहेको केन्द्रलाई पुनःजीवित बनाउन छपाइसम्बन्धी प्रक्रिया सुरू गर्न जरुरी रहेको जनाए । कर्मचारीविहीन केन्द्र सञ्चालनका लागि कार्यकारी निर्देशक ढुंगानालाई नियुक्त गरिएको थियो ।

सञ्चारमन्त्री गुरुङले छापाखाना प्रविधियुक्त बनाउन, कर्मचारी व्यवस्थापनलगायत विषय प्रभावकारी बनाउन आवश्यक तयारी थालिएको बताए । कुनै पनि नेपाली कागजात बाहिर छाप्नु नपर्ने भन्दै हुलाक टिकट, राहदानी (पासपोर्ट), राष्ट्रिय परिचयपत्रलगायत कागजपत्र स्वदेशमा छापाइ हुँदा देशको राजस्वमा टेवा पुग्ने उनको भनाइ छ ।

## २ करोड घोटाला प्रकरण

# पूर्वजमदार कारागार चलान



**काठमाडौं/मस–** सैनिक कल्याणकारी कोषको सवा २ करोड रुपैयाँ हिनामिना प्रकरणमा नेपाली सेनाका पूर्वजमदार आत्माराम थापा कारागार चलान भएका छन् ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश डा. दिवाकर भट्टको इजलासले आइतबार उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो ।

अवकाश भइसकेका दुई सैनिकविरुद्ध जिल्ला अदालतमा अभियोग दर्ता भएको छ । तर बहालवाला दुई सैनिकमाथि भने सेना आफैँले हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । सहायक रथी (ब्रिगेडियर जनरल) रोशन खड्का र सेनानी (मेजर) बोधराज कार्कीलाई सैनिक हिरासतमा राखेर छानबिन गरिरहेको सेनाले जनाएको छ ।

कोर्ट अफ इन्क्वाएरीको क्रममा हिनामिनामा उनीहरुको संलग्नता पुष्टि भएपछि कोर्ट मार्सलको प्रक्रिया अगाडि बढेको छ भने सैनिक ऐन अनुसार कारबाहीको दायरामा नपने अवकाश भइसकेका २ जनालाई कारबाहीको जिम्मा प्रहरीलाई दिइएको थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौंको अनुसन्धानपछि अवकाशप्राप्त दुई जनाविरुद्ध पनि अदालतमा मुद्दा दायर भएको छ । उनीहरु यसअघि सैनिक कल्याणकारी कोषमा कार्यरत रहँदा चारजनाले सवा २ करोड रुपैयाँ हिनामिना गरेको आरोप छ ।

**सब–इन्जिनियरविरुद्ध भ्रष्टाचार मुद्दा**

काठमाडौं उपत्यका विकास प्राधिकरणअन्तर्गतको दिव्येश्वरी जग्गा एकीकरण आयोजना, भक्तपुरका सव-इन्जिनियर कुमार पौड्यालविरुद्ध गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा पौड्यालविरुद्ध ३ करोड ६३ लाख २१ हजार २०७ बिगो दाबी गरिएको छ । उनले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैर कानुनी रूपमा सम्पत्ति आर्जन गरेको अख्तियारले जनाएको छ । पौडेलले ९ वैशाख २०५१ देखि ३१ असार २०८० सम्मको अवधिमा उक्त अकुत रकम कमाएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

उनको वैध आय २ करोड ५८ लाख ९७ हजार ३२४ रूपैयाँ देखिएको र खर्च ६ लाख २२ लाख १८ हजार ५३२ रूपैयाँ देखिएकाले साढे ३ करोड बढी रकम गैर कानूनीरूपमा कमाएको पुष्टि भएको अख्तियारले जनाएको छ ।

## जलनपीडितलाई...

विधेयक प्रस्तुतकर्ता कंसाकारको आशंका छ । जलन विधेयकलाई अघि बढाउन उनले निरन्तर आग्रहसमेत गर्दै आएकी छन् ।

गत बुधबार बसेको प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद कंसाकारले जलनसम्बन्धी विधेयक छलफलमा नआएकोप्रति आपत्ति नै जनाइन् ।

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सातै प्रदेशमा जलन उपचार विस्तार गर्ने भनेको छ । यही १९ वैशाखमा राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा जलनको विषय उल्लेख भए पनि सम्बन्धित विधेयक भने अगाडि बढ्न सकेको छैन ।

उनले भनेकी छन्, 'स्वास्थ्यमन्त्रीज्यू र सरकारलाई कडा रूपमा आग्रह गर्दछु कि जलनसम्बन्धी विधेयक छलफलमा ल्याइयोस् र भविष्यमा जलनपीडितको उपचारमा अन्योल नहोस् ।'

सरकारी अधिकारीहरूका अनुसार प्राकृतिक प्रकोप, आपराधिक क्रियाकलाप, दुर्घटना र अन्य लापरबाहीबाट हुने जलनका घटनालाई समेटेर नयाँ कानुन बनाउन सरकार तयार छ । यस निम्ति छलफल चलिरहेको उनीहरूको जबाफ छ ।

प्राथमिकताका आधारमा कानुन बन्ने भएकाले त्यसअनुसार अगाडि बढिरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीहरू बताउँछन् । जलनसम्बन्धी प्रचलित ऐनसमेत अभ्यासमा रहेको ख्याल गर्न मन्त्रालयका अधिकारीहरूको जवाफ छ ।

जलनशील पदार्थको उत्पादन, संकलन, भण्डारण, कारोबार, दायित्व र सजायको व्यवस्था यसअघि नै कानुनले व्यवस्था गरिसकेको छ । अनुगमन संयन्त्रलगायतका केही विषय पनि प्रचलित ऐनमा छन् ।

संसद्मा दर्ता भएर रहेको विधेयकमा अनुगमन र नियमनका लागि २ तहको संरचना प्रस्तावित छ । जलन अनुगमन तथा नियन्त्रण समिति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा हुने प्रस्ताव छ । जलनसम्बन्धी पदार्थको कारोबार एवं क्रियाकलापको नियन्त्रण र जिम्मेवारीको सुनिश्चितताका लागि यस्तो समिति प्रस्ताव गरिएको छ । यी व्यवस्था प्रचलित कानुनमा समेत समेटिएको छ ।

विधेयकमा गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा केन्द्रीय जलन अनुगमन तथा नियन्त्रण समन्वय समितिको प्रस्ताव गरिएको छ । विधेयकले सबै पक्षको उत्तरदायित्व तोक्ने प्रस्ताव गरेको छ ।

जलनसम्बन्धी व्यवसाय र कारोबारमा संलग्न हुनेलाई उत्तरदायी बनाउने प्रस्ताव छ, जसमा जलनशील पदार्थको उत्पादन र भण्डारण गर्ने, कारोबार तथा प्रयोग गर्ने व्यवसायीको दायित्व तोक्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा नेपाल विद्युत् प्राधिकरण र नेपाल आयल निगमले अपनाउनुपर्ने सावधानीको दायित्व तोक्न प्रस्ताव गरिएको छ । एलपी ग्यास उद्योगको दायित्व, खानी तथा रसायनसम्बन्धी व्यवसाय गर्नेको दायित्व, डढेलो र आगलागीबाट हुने जलनसम्बन्धी दायित्व कानुनमै तोक्न प्रस्ताव गरिएको छ ।

विधेयकमा जलन उपचारसम्बन्धी कोषको प्रस्ताव गरिएको छ । गृह सचिवको अध्यक्षतामा कोष प्रस्तावित छ । यस्तो कोषमा सरकार, विभिन्न संघसंस्थाबाट प्राप्त सहयोग, विद्युत् प्राधिकरण र आयल निगमबाट प्राप्त हुने रकम कोषमा रहने प्रस्ताव गरिएको छ ।

यी व्यवस्था प्रचलित ऐनमा छैनन् । विधेयकमा जलनसम्बन्धी घटनामा कसुर र दण्डको प्रस्ताव गरिएको छ । ज्यान लिने मनशायबाट जलनशील पदार्थको प्रयोग गरी ज्यान गएमा जन्मकैदको प्रस्ताव गरिएको छ ।

विधेयकमा जलन रोकथाम र निवारणसम्बन्धी सचेतना कार्यक्रम नियमित संचालन गर्नुपर्ने र उत्तरदायी निकाय पनि तोक्न प्रस्ताव गरिएको छ । जलन उपचारका लागि अस्पतालले आवश्यक शयचा छुटचाउनुपर्ने प्रस्ताव गरिएको छ । तर, विधेयक भने अगाडि बढ्न सकिरहेको छैन ।

संसद्मा दर्ता भएको विधेयक सांसदहरूलाई वितरण गरेर अगाडि बढाउनुपर्ने व्यवस्था छ । विधेयक सांसदहरूलाई वितरण भइसकेको छ । त्यसपछि सभामा विधेयक पेस गर्नुपर्नेमा त्यही बिन्दुमा पुगेर अड्किएको हो ।

## निजामती...

दलमा मतान्तर देखिएको हो । सार्वजनिक सेवामा काम गरेका कर्मचारीलाई संवैधानिक र राजनीतिक नियुक्ति दिँदा २ वर्षको 'कुलिङ पिरियड' राख्नुपर्नेमा कांग्रेस रहँदा एमालेले १ वर्षको मात्र 'कुलिङ पिरियड' राख्नुपर्नेमा अडान कायम राखेपछि विधेयक अलपत्र परेको हो ।

समितिको बैठकमा कांग्रेसका सांसद हृदयराम थानीले 'कुलिङ पिरियड'को अवधि २ वर्ष कुनै पनि हालतमा राख्नुपर्ने अडान दोहोऱ्याए । कांग्रेसका सांसदहरूले 'कुलिङ पिरियड' २ वर्ष राख्दा के बिग्रन्छ ? भन्दै प्रश्न पनि गरेका छन् । 'कुलिङ पिरियड' २ वर्ष राख्नुपर्छ । कतै समझदारी नगर्नुस् । दबाबका आधारमा १ वर्ष गर्न हुँदैन', थानीले भने । यस्तै, कांग्रेसकै सांसदहरू अम्बिका बस्नेत र सरिता प्रसाईं पनि २ वर्ष राख्नुपर्ने पक्षमा छन् ।

तर, एमालेका सांसद पदम गिरीले १ वर्ष मात्र 'कुलिङ पिरियड' हुनुपर्ने बताएपछि २ दलबीच मतान्तर देखिएको छ । गिरीले ६० वर्षमा सेवा निवृत्त हुने कानुनी व्यवस्था तयारी गरिरहँदा २ वर्षको 'कुलिङ पिरियड' उपयुक्त नहुने जिकिर गरे ।

उता, नेकपा (माओवादी केन्द्र) पनि कांग्रेसकै पक्षमा उभिएको छ । बैठकमा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले पनि 'कुलिङ पिरियड' कम्तीमा २ वर्ष नै हुनुपर्ने बताएका थिए ।

## अवकाश...

दोस्रो १ वर्षसम्मका लागि ५९ वर्ष र त्यसको १ वर्षपछि सबै कर्मचारीको उमेर ६० वर्ष कायम हुने छ ।'

सांसदहरूले आयोगको प्रस्तावलाई नै मानेर जान आग्रह गरेका छन् । सांसदहरूले विधेयकलाई सरकारले अड्काएर राखेको भन्दै आपत्ति जनाए ।

समिति सभापति रामहरि खतिवडाले यी २ विषयमा सरकारको प्रस्ट धारणा आएकाले निष्कर्षमा पुग्न नसकिएको बताए ।

उनले समिति सदस्यहरू र जनताको धारणा बुझेर सरकारलाई समितिको अर्को बैठकमा उपस्थित हुँदा निजामती विधेयक जसरी पनि संसद्मा पेस गर्नेगरी तयारीका साथ उपस्थित हुन आग्रह गरे ।

'कुलिङ पिरियड' र अवकाश उमेरबारे छलफल गर्नुपर्ने भन्दै सरकारले १ साताको समय मागेको छ । बैठकमा उपस्थित गृहमन्त्री रमेश लेखकले यी २ विषयमा थप छलफलका लागि ५-६ दिनको समय माग गरेका हुन् ।

गृहमन्त्री लेखकले संघीय निजामती सेवा विधेयकअन्तर्गत 'कुलिङ पिरियड'को अवधि र सेवा उमेर हदमा देखिएको मतान्तरलाई सहमतिबाट टुंग्याउने बताए । तर, उनले यी २ विषयमा निष्कर्ष नजिक पुगिसकेको पनि दाबी गरे ।

'कुलिङ पिरियड' राख्ने भन्ने कुरामा विवाद छैन, अवधि कति हो भन्ने कुरा भएकाले त्यसलाई धेरै नजिक आएको मान्नुपर्छ । सेवाको उमेर हद पनि ५८ बाट ६० गर्ने भन्नेमा हाम्रो विवाद छैन', उनले भने ।

## नैतिकता...

हस्तकलाको व्यवसायलाई समेत बढाएको छ । गुम्बाहरूमा धार्मिक कर्मकाण्डसँगै नैतिकता, सीप र पर्यटन प्रवर्धनको पक्ष जोडिएको छ ।

भगवान् गौतम बुद्धले आफ्नो दरबारको विलासिता त्यागेर २९ वर्षको उमेरमा घर छाडेर गरेको तपस्याका कारण बुद्धत्व प्राप्त गरेको इतिहास छ । उनको तपस्यापश्चात प्रतिपादन भएको दर्शनले यतिबेला विश्वको ध्यान खिचेको धर्मगुरुहरूले दाबी गर्दै आएका छन् ।

भौतिक विकासमा सम्पन्न विदेशी नागरिकहरू सत्य, शान्ति र मुक्तिको खोजीमा लागेको र करिब २६ सय वर्षअघि बुद्धले प्रतिपादन गरेको दर्शनमा उक्त शान्ति र मुक्ति प्राप्त हुने विश्वासका साथ गुम्बाको संरक्षण र व्यवस्थापनमा विदेशीहरूको चासो बढेको अध्यक्ष शेर्पाले बताए ।

बुद्धका मूर्ति र सुनौलो अक्षरले लेखेका मूल्यवान् धार्मिक ग्रन्थहरूको संरक्षण, सम्बर्द्धन र रेखदेख सम्बन्धित गुम्बाहरूले नै गर्ने गरेका छन् ।

नेपालको सबैभन्दा पुरानो सम्प्रदायको गुम्बा ञिङ्पा गुम्बा हो । यसअन्तर्गत २ हजार २९२ वटा गुम्बाहरू छन् । त्यस्तै, कर्ग्युयाअन्तर्गत २९६ वटा गुम्बा, साक्यपाअन्तर्गत १०७ वटा र गेलुक्पा सम्प्रदायका ४१ वटा गुम्बाहरू रहेका बौद्ध गुम्बा विकास समितिका कार्यकारी निर्देशक होमबहादुर दोङले जानकारी दिए ।

गुम्बा विकास समितिका अनुसार दर्ता भएका गुम्बा र विहार नेपालका ६४ वटा जिल्लामा छन्, जसमा कोशी प्रदेशका १४ जिल्लामा ५१३, मधेश प्रदेशका ८ जिल्लामा ११५ वटा, बाग्मती प्रदेशका १३ जिल्लामा १ हजार ६२९ वटा गुम्बा छन् ।

त्यस्तै, गण्डकी प्रदेशका १० वटा जिल्लामा ३०५ वटा, लुम्बिनी प्रदेशका १० जिल्लामा ६२ वटा, कर्णाली प्रदेशका ५ जिल्लामा २१३ वटा र सुदूरपश्चिम प्रदेशमा ५ जिल्लामा २९ वटा गुम्बाहरू छन् ।

दर्ता भएका गुम्बाहरूमध्ये १ हजार वर्षभन्दा पुराना गुम्बाहरूको संख्या ३२ रहेको गुम्बा विकास समितिको तथ्यांकमा उल्लेख छ । ५०० देखि १ हजार वर्षसम्म पुराना गुम्बाहरू १ हजार ७ र १०० देखि ५०० वर्ष पुराना गुम्बाहरू ४४० वटा छन् ।

त्यसैगरी, १०० वर्षभन्दा पुराना गुम्बाहरू २ हजार २४४ वटा र स्थापना मिति उल्लेख नभएका गुम्बाको संख्या ४३ रहेको तथ्यांकमा उल्लेख छ । स्थानीय तहमा दर्ता भएका गुम्बाहरूको मर्मत संम्भार र संरक्षणका लागि गुम्बा व्यवस्थापन केन्द्रले अनुदानसमेत दिने गरेको दोङको भनाइ छ ।

**के गर्दै छ गुम्बा विकास समिति ?**

बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समितिले ३ हजार १७५ गुम्बालाई मान्यता दिएको छ । देशभर सार्वजनिक गुम्बा ३ हजार ७० र निजी १०५ गुम्बा दर्ता गरेको समितिले पुराना ऐतिहासिक, पुरातात्त्विक महत्त्वका आधारमा गुम्बालाई मान्यता दिएको समितिले जनाएको छ ।

लामा धर्मगुरुको बौद्ध दर्शनसम्बन्धी अध्ययन तथा विकासका लागि कार्यक्रम संचालन गर्दै आइरहेको कार्यकारी निर्देशक दोङले जानकारी दिए ।

उनका अनुसार बौद्ध गुम्बा तथा विहारहरूको संरक्षण, संवर्धन, तथा बौद्ध दर्शनको अध्ययन र विकास गर्न स्थापित समितिले पञ्चवर्षीय रणनीतिक योजना तयार गरी त्यसैका आधारमा भौतिक रूपले जीर्ण गुम्बाको जीर्णोद्धार गरी संरक्षण गरिएको छ ।

समितिले बौद्ध दर्शनको संरक्षण, प्रवर्धन तथा नेपालमा रहेका गुम्बा, विहार, बहाः, वहीलगायत बौद्ध सम्पदाको संरक्षण गर्दै तिनको व्यवस्थित संचालनका लागि देशमा रहेका गुम्बा तथा बहाः बहीको दर्ता गर्दै आइरहेको छ ।

बौद्ध दर्शनको संरक्षण, विकास र बौद्ध धर्म संस्कृतिको संवर्धन गर्नका लागि स्थापना गरिएका गुम्बा तथा विहारको संरक्षण, संवर्धन तथा बुद्धको शान्तिका सन्देशलाई मानव हितका लागि उपयोग गर्ने नीति समितिले लिएको जनाएको छ ।

बौद्ध दर्शन, धर्म, संस्कृति, कला तथा भाषाको संरक्षण र देशमा भएका गुम्बा, बिहार तथा लामा, भिक्षु, भिक्षुणीहरूलाई आत्मनिर्भर बनाउनका लागि विभिन्न सीपमूलक तालिमसमेत समितिले संचालन गर्दै आएको छ ।

समितिको तथ्यांकअनुसार भूकम्पबाट देशभरका १ हजार ३१८ गुम्बा क्षतिग्रस्त भएका थिए । तिनको पुनर्निर्माण, संरक्षण तथा सम्वर्धनका लागि अनुदान दिएर पुनर्निर्माणमा सहयोग गरेको छ ।

१०० वर्ष पुगेका सम्पदा पुनर्निर्माणका लागि प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार पुरातत्व विभागले पुनर्निर्माण गर्ने प्रावधानभित्र रहेर अनुदान पाउने गुम्बाको सूचीसमेत समितिले व्यवस्थित राखेको कार्यकारी निर्देशक दोङले जानकारी दिए ।

तथ्यांकअनुसार सबैभन्दा बढी सिन्धुपाल्चोकमा १५४ वटा रहेका छन् भने गोरखाका ७९, रामेछापका ६३, धादिङका ६८, काभ्रेपलाञ्चोकका ८१, रसुवाका ४५, मकवानपुरका ८०, नुवाकोटका ९५, दोलखाका ७५, ओखलढुंगाका १७, सिन्धुलीका ३९, चितवनका ३९ गुम्बा तथा बिहार अनुदानको सूचीमा राखिएको छ ।

त्यस्तै, नवलपरासीका ९, कास्कीका ५, बागलुङको १, तनहुँका १४, खोटाङका १३, भोजपुरका १७, धनकुटाका ६, सोलुखुम्बूका ४९, लमजुङका १४, संखुवासभाका ११, काठमाडौंका १४, ललितपुरका ११ र भक्तपुरका २ गुम्बा/बिहार अनुदानको सूचीमा सूचीकृत छन् ।

बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समितिले बौद्ध दर्शनको संरक्षण, प्रवर्धन तथा नेपालमा रहेका गुम्बा, विहार, बहाः, वहीलगायत बौद्ध सम्पदाहरूको संरक्षण र तिनको व्यवस्थापनका लागि बौद्ध धर्म र अध्ययनसँग सम्बद्ध व्यक्तिहरूलाई वार्षिक रूपमा सोवा रिग्पा (आम्ची), मूर्ति निर्माण, गुम्बा व्यवस्थापन, थाङ्का लेखनलगायत विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

यसैअनुसार समितिको आयोजनामा ककनीमा धार्मिक पर्यटनलाई प्रवर्धन गर्ने उद्देश्यले १ महिने थाङ्का लेखन तालिम गरिएको समितिका कार्यकारी निर्देशक दोङले जानकारी दिए । तालिममा मोहन दोङ, भुवनदास तामाङ, निपुण तामाङले थाङ्का प्रशिक्षण दिएका थिए भने ताप्लेजुङ, सोलुखुम्बू, धादिङ, नुवाकोट, रामेछापलगायतका डेढ दर्जनभन्दा बढीको सहभागिता रहेको उनले बताए ।

'धार्मिक पर्यटनलाई जोड दिनका खातिर ककनीमा यो तालिमको आयोजना गरेका थियौं । तालिममा सहभागीलाई सीप र ज्ञान सिकेर व्यावसायिक रूपमा अघि बढ्न सहयोग पुऱ्याएको छ', उनले भने ।

## आज...

यसलाई ऐतिहासिक उत्सवका रूपमा मनाउन लागिएको जानकारी दिए । लुम्बिनीबाट विश्वलाई शान्तिको सन्देश फैलाउन लुम्बिनी विकास कोषले यो वर्षको बुद्धजयन्तीलाई अन्तर्राष्ट्रिय सहभागिता, धार्मिक चेतना, संस्कृति संरक्षण र शान्तिको सन्देश प्रवाह गर्ने अवसरका रूपमा उपयोग गर्ने तयारी गरेको छ ।

## कम्पनी...

कम्पनी टाट पल्टिएपछि नेपाली श्रमिक कामविहीन भएको बताएको छ । अलपत्र नेपालीहरूलाई स्वदेश फर्काउन साउदी सरकारले दिने बहिर्गमन भिसा (एक्जिट पर्मिट) नहुँदा अलपत्र नेपालीलाई स्वदेश फर्काउन समस्या देखिएको भन्दै नेपाली दूतावासमा कार्यरत काउन्सिलर श्रम कविराज उप्रेतीले स्वदेश फिर्ताको पहल भइरहेको बताएका छन् ।

कम्पनीमा रहेका नेपाली श्रमिकले आफूहरूलाई जतिसक्दो छिटो उद्धार गरी नेपाल पठाउन नेपाल सरकार तथा साउदी सरकारसँग अपिल गरेका छन् । आफूहरूलाई खान बस्नको तुलनामा औषधिका लागि समस्या भएको उनीहरूको भनाइ छ ।

गत वर्ष डिसेम्बर २४ देखि कम्पनी पूर्णरूपमा बन्द भएको भन्दै काउन्सिलर श्रम उप्रेतीले स्वदेश पठाउने टुंगोमा पुऱ्याउन अझै कम्तीमा १ महिनाको समय लाग्न सक्ने बताएका छन् । २ देखि १६ वर्षसम्म काम गरेका नेपाली कामदार रहेको उक्त कम्पनीमा नेपालका विभिन्न म्यानपावर कम्पनीले कामदार पठाएको बताइएको छ ।

**यूएईमा रोजगार**

कम्पनी: KIMBA CONTRACTING PAINTS AND INSULATIONS — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/२३ चलानी नं.: ६०२३२५१३ L.T. No.: 318357 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | building painter assistant | 2 | 0 | | 1200 | ४४,५३२ | | | | | | | |
| 3. | Insulation Worker | 1 | 0 | | 1200 | ४४,५३२ | | | | | | | |

कम्पनी: MASAFI CO. - DUBAI BR — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/०२ चलानी नं.: ६०२३३०६५ L.T. No.: 318966 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 33 | 0 | स. काममा दक्ष | 1000 | ३७,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ROYAL CATERING SERVICES L L C — शहर: ABHU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०२/१४ चलानी नं.: ६०२०२०९७ L.T. No.: 286742 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 6 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 4 | 0 | | 1000 | ३७,११० | | | | | | | |
| 3. | Restaurant Worker | 6 | 7 | | 1200 | ४४,५३२ | | | | | | | |

कम्पनी: UNIFORCE GENERAL SECURITY GUARD SERVICES L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ चलानी नं.: ६०२३७४९३ L.T. No.: 323559 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security | 20 | 0 | | 1200 | ४४,५३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कम्नी काठमाण्डौमा २०८२ जेठ ५ गते (19 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# ‘संविधानअनुसार तलब लिने तर संविधानकै विरोध गर्ने ?’

**धरान/मस–** नेकपा(माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संविधानलाई चुनौती दिएर देशलाई वंशवादतिर फर्काउने प्रयास भइरहेको बताएका छन् ।




धरानमा आइतबार आयोजित किराँती राष्ट्रिय मुक्ति मोर्चा र लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा नेपालको संयुक्त राष्ट्रिय सम्मेलनमा अध्यक्ष दाहालले राप्रपाका सांसदहरूले यही संविधानअनुसार सदनभित्र बसेर तलबभत्ता र सबै सुविधा लिँदैसंविधानकै विरोध गरेकोमा आलोचना गरे ।

संघीय लोकतान्त्रिक गणतन्त्र भएको सदनभित्र बसेर यही संविधानअनुसार तलबभत्तासहित सबै सुविधा लिने तर त्यहि संविधानको विरोध गर्ने अधिकार राजशाहीमा थियो त भन्ने प्रश्न उनले गरे । अध्यक्ष दाहालले राप्रपाका सांसदलाई नक्कली राजाको कुरा नगर्न भन्दै वास्तविक राजा वीरेन्द्रको वंशनास भएको विषयमा छानबिन गर्ने आँट छ भन्दै राप्रपालाई प्रश्न पनि गरे ।

पूर्वप्रधानमन्त्री पनि रहेका दाहालले धरानका मेयर हर्क साम्पाङ्गलाई आफूसँगै हिँड्न अनुरोध गरे ।

हर्क साम्पाङ्ग उट्पट्याङ कुरा गरिरहेको भन्दै उनले बेलाबेला नकारात्मक कुरा गरे पनि संविधानले दिएको अधिकार प्राप्तिका लागि साथ दिन आग्रह गरे ।

उनले माओवादीलाई कमजोर बनाएर पहिचानको आन्दोलन सफल नहुने समेत बताए । दाहालले माओवादी कमजोर भए पहिचानको आन्दोलन पनि कमजोर हुने उल्लेख गर्दै पहिचानको आन्दोलनका लागि माओवादीले गम्भीर आत्मसमीक्षा गरेर आएको बताए । आफू बालुवाटारमा भए पनि र खुमलटुरमा भए पनि पहिचानका लागि आन्दोलन गरिरहेकाहरूसँग वार्ता र संवाद गरी राखेको दाबी उनले गरे ।

भ्रष्टाचारको मुहान थुन्न शासकीय संरचना फेर्न आवश्यक रहेको उल्लेख गर्दै उनले अहिलेको चुनावी प्रणालीले देशमा भ्रष्टाचारको अन्त्य हुन नसक्ने बताए ।

उनले जनताद्वारा निर्वाचित कार्यकारी राष्ट्रपति आवश्यक रहेको पनि बताए । संविधान सभामा भिन्न मत राखेर आएकाले अहिलेको निर्वाचन प्रणालीलाई बदल्नका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति आवश्यक रहेको दाहालको भनाइ छ ।

# सबैभन्दा कम उमेरमा मादल बजाउने कीर्तिमान

**काठमाडौं/मस–**नेपालका अक्षतराज पौडेलले सबैभन्दा कम उमेरमा मादल बजाउने किर्तिमान कायम गरेका छन् ।




एशिया बुक अफ रेकर्डसका अनुसार मोरङ स्थायी घर भएका पौडेलले तीन वर्षको उमेरमा तीन मिनेट छ सेकेण्डसम्म मादल बजाई किर्तिमान बनाएका हुन् । पौडेलले नेपालको सदावहार ‘लेकाली हो चोया को डोको.....’ बोलको लोकगीतमा हार्मोनियमसँग लय मिलाउँदै मादल बजाएका थिए ।

यसैलाई आधारमा मानी एशिया बुक अफ रेकर्डसले उनको नाममा किर्तिमान कायम भएको प्रमाणित गरेको हो । बालक पौडेलसँग अन्य प्रायस सबै गीतको लयमा समेत मादल बजाउन सक्ने क्षमता रहेको छ ।

पौडेलको जन्म सन् २०२२ मार्च २५ मा भएको थियो । अक्षतका बुबा अनिल तथा आमा इन्दिराले छोराको किर्तिमानबाट आफूहरू मात्र नै मुलुक नै गौरवान्वित भएको महसुस भएको बताएका छन् ।

पौडेल परिवार हाल राजधानीको कागेश्वरी मनहरामा बस्दै आएको छ ।

# कर्णालीमा बालबालिका खोजतलास केन्द्र संचालनमा



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २८ वैशाख

कर्णाली प्रदेशमा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र सञ्चालनमा आएको छ ।

कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीद्वारा आइतबार केन्द्रको औपचारिक उद्घाटन गरिएको हो ।

बालबालिकाको खोजतलासका लागि सहयोग पुग्ने उद्देश्यले आश्रयस्थलको रूपमा केन्द्र सञ्चालन गरिएको मन्त्री भण्डारीले जानकारी दिए । कर्णाली प्रदेशमा बालबालिकाको खोजतलासको लागि टोलफ्री नम्बर १०४ मा सम्पर्क गरी समस्या टिपाउन सकिनेछ ।

खोजतलास समन्वय केन्द्रमा प्रहरी र नेपाल टेलिकमको सहकार्य रहेको छ भने सामाजिक विकास मन्त्रालय अन्तर्गत सञ्चालनमा रहने मन्त्री भण्डारीले जानकारी दिए ।

बालबालिकाको संरक्षण र सम्बर्द्धनमा टेवा पुग्ने मन्त्री भण्डारीले विश्वास व्यक्त गर्दै आगामी दिनहरूमा थप व्यवस्थित रूपले सञ्चालन गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

# प्रेस सेन्टरले सरकारलाई बुझायो १५ बुँदे ज्ञापनपत्र



**काठमाडौं/मस–** प्रेस सेन्टर नेपालले सरकारलाई १५ बुँदे ज्ञापनपत्र बुझाएको छ । आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ र मन्त्रालयका सचिव राधिका अर्याललाई भेटेर प्रेस सेन्टरले ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा पत्रकारको हत्या, पत्रकारमाथि भौतिक आक्रमण, सञ्चार गृहमाथि आक्रमण, पत्रकारको पेसागत असुरक्षाका घटनाले प्रेस स्वतन्त्रता अधिकार संकुचित भइरहेको उल्लेख छ ।

संघीय, प्रदेश र स्थानीय सरकारलाई एकसाथ ज्ञापन पत्र बुझाउने घोषित कार्यक्रम अनुसार प्रेस सेन्टर नेपालको केन्द्रीय समितिले आइतबार संघीय सरकारलाई ज्ञापन पत्र बुझाएको महासचिव मनोज घर्तीमगरले बताए । सेन्टरले चैतमा सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशनबाट जारी गरेको काठमाडौं घोषणा पत्र पनि सरकारलाई बुझाएको छ ।

१५ बुँदे ज्ञापन पत्रमा पत्रकारको हत्यारालाई कारबाही गर्नुपर्ने, सञ्चारसँग सम्बन्धित कानुनहरू प्रेसमैत्री हुनुपर्ने, पत्रकारको पेसागत तथा भौतिक सुरक्षा हुनुपर्ने, आस्थाका आधारमा सरकारी सञ्चार संस्थाबाट हटाउन नहुने, सहिद र बेपत्ता पत्रकारको नाममा कोष स्थापना हुनुपर्ने, घाइते पत्रकारहरूको निःशुल्क उपचार हुनुपर्ने, सरकारी अस्पतालमा पत्रकारको उपचार गर्दा ५० प्रतिशत छुट हुनुपर्ने जस्ता मागहरू राखिएका छन् । ज्ञापन पत्र बुझ्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सरकार पूर्ण प्रेस स्वतन्त्रताको संविधान प्रदत्त अधिकारप्रति पूर्ण प्रतिबद्ध रहेको बताए । उनले प्रेस सेन्टरले उठाएको मागहरूको अधिकतम सम्बोधन गर्ने प्रयास गरिने बताए ।

सञ्चार मन्त्रालयकी सचिव राधिका अर्यालले संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रताबाट सरकार पछि हट्ने सम्भावनै नरहेको बताइन् । उनले सरकार सबैको भएको र सबै पत्रकारलाई सरकारले समान दृष्टिकोणले हेर्ने र व्यवहार गर्ने बताइन् । संगठनका अध्यक्ष कमल गिरीको नेतृत्वमा प्रेस सेन्टर नेपालले मन्त्रालयमा ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्र बुझाउँदा उपाध्यक्ष लक्ष्मण खड्का, महासचिव मनोज घर्तीमगर लगायत सहभागी थिए ।

# निःशुल्क स्वास्थ्य शिविरबाट २९४ जना लाभान्वित

**नेपालगन्ज/मस–** गोपाल नीना फाउण्डेशनले बर्दियाको ठाकुरबाबा नगरपालिकामा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट २ सय ९४ जना लाभान्वित भएका छन् । ठाकुरबाबा नगरपालिका वडा नं. ८ चिट्कैयामा सम्पन्न उक्त शिविरमा स्वास्थ्य परीक्षण, औषधी र स्वास्थ्य परामर्श सेवाबाट सर्वसाधारण नागरिकहरु लाभान्वित भएका हुन् । फाउण्डेशनका सहनिर्देशक डा.तृप्तीपाल रमणका अनुसार स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित समुदायलाई लक्षित गरेर आयोजना गरिएको उक्त स्वास्थ्य शिविरबाट २२५ जना महिला र ६९ जना पुरुषको विभिन्न रोगका विशेषज्ञ चिकित्सकहरुबाट स्वास्थ्य परीक्षण, आवश्यक परामर्शसहित निःशुल्क औषधि वितरण गरिएको थियो । शिविरमा हाडजोर्नी, छाला सम्बन्धी, पाठेघर, स्त्री रोग, पेट सम्बन्धी रोग लगायत विभिन्न प्रकारका रोगका औषधीसहित स्वास्थ्य सेवा लिएका फाउण्डेसनका कार्यक्रम संयोजक दीलिप गिरिले बताए ।




उक्त निःशुल्क स्वास्थ्य शिविरमा फाउण्डेशनका अध्यक्ष तथा वरिष्ठ चिकित्सक डा.गौरव श्रेष्ठ, डा.तृप्तीपाल रमण, डा. नैमुद्दीन अन्सारी, डा. मेघा मण्डल, डा. ऋषभ श्रीवास्तव, डा. कमल नारायण रस्तोगी, डा. चन्दन सिंह, डा. सचिन शाह लगायत आठ जना चिकित्सकहरुद्वारा सर्वसाधारण गाउँलेहरुको स्वास्थ्य परीक्षण गरिएको थियो ।

गोपाल–नीना फाउण्डेसनको मुख्य आयोजनामा सम्पन्न सो शिविरमा फाउण्डेशनको मेडिकल टिम, बर्दिया ठाकुर बाबा नगरपालिका, ठाकुरबाबा स्वास्थ कार्यालय, ठाकुरबाबा नगरपालिका वडा नं.८, अन्नपूर्ण ग्याष्ट्रो हस्पिटल, सञ्जीवनी मेडिकल कलेज अफ मेडिकल साइन्सका निर्देशक डा. रोमन किदवाई, गणेशमान चोक ड्रस स्टोर, सेभेन क्याफेको सहकार्यमा सम्पन्न भएको हो ।

शिविरको लागि नेपाल औषधि बिक्रेता प्रतिनिधि संघ नेपालगन्जले औषधि आपूर्ति तथा आवश्यक औषधि सहयोग गरेको थियो भने अन्नपूर्ण ग्यास्ट्रो केयर हस्पिटल, गणेशमान चोक ड्रस स्टोर, सेभेन क्याफे, एनएमएसआरए लगायतले सहकार्य गरेको थियो ।

यस शिविरमा फाउण्डेशनका कर्मचारीहरु अनुप आर्य, सुश्री प्रतिभा पौडेल, दक्षिणा क्षेत्री, फार्मेसी तर्फ अन्नपूर्ण ग्यास्ट्रो केयर हस्पिटलका सरोज चौधरी, पुष्पा कुमारी थारु, युवराज सिंह, नेपाल औषधि बिक्रेता प्रतिनिधि संघ नेपालगन्जका डि.आर. पाण्डे, उमेश राज जोशी, कमलेश कर्ण, वैद्यनाथ लाल दास लगायतले सक्रिय सहयोग गरेका थिए ।

# नेपाल व्यावसायिक कलाकार संघमा नयाँ नेतृत्व

**काठमाडौं/मस–** नेपाल व्यवसायिक कलाकार संघमा नयाँ नेतृत्व चयन गरिएको छ ।

ललितपुरको महालक्ष्मीस्थानस्थित डेलाईट पार्टी प्यालेसमा सम्पन्न चौथो महाधिवेशनले प्रेम श्रेष्ठको नेतृत्वमा ३१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । समितिको सहअध्यक्ष र महासचिवमा क्रमशः तिलक पुन मगर र भोला पौडेल चयन भएका छन् । पौडेल यसअघिका महासचिव हुन् ।



कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशको सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी श्रेष्ठ रहेकी थिइन् भने विशिष्ट अतिथिमा ललितकला नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली रहेका थिए ।

उद्घाटन सत्रको सभापति तथा निवर्तमान अध्यक्ष आई. बि.मल्लले आफ्नो समयमा व्यवसायिक कलाकारको हित र कला प्रवर्द्धन, देशव्यापी कला जागरण अभियान, धुलिखेल कला महोत्सव, कलाकार अरनिको स्मृति दिवस, विभिन्न विधामा कला पुरस्कार स्थापना जस्ता उल्लेख्य कार्य भएको बताउँदै आफुलाई सहयोग गर्ने सम्पूर्ण कलाकारहरुलाई धन्यवाद व्यक्त गरे ।

कार्यक्रमको उद्घाटन सत्रको सञ्चालन पूर्वमहासचिव तथा प्राध्यापक डा. कृष्ण ओझाले गरेका थिए भने दोस्रो सेसनको निर्वाचन मण्डलको संयोजक वरिष्ठ कला व्यवसायी शान्ताराम गिरि र सदस्यहरुमा अधिवक्ता तथा प्रध्यापक डा. कृष्ण ओझा, प्रध्यापक तथा अधिवक्ता महेश आचार्य थिए ।

नवगठित अध्यक्ष श्रेष्ठले नयाँ र पुरानो मिलाएर समिति बनेको र यसले आगामी दिनमा कला व्ययवसायिहरुको हितमा काम गर्न सफल हुने धारणा राखे ।

वरिष्ठ कलाकार तथा प्राध्यापक राधेश्याम मुल्मी लगायत अन्य वरिष्ठ व्यक्तित्वहरुले संघको सदस्यमा आएको हुँदा विभिन्न विद्याका विभागीय जिम्मेवारी प्रदान गरी महासंघीय ढाँचमा संघलाई अघि बढाउने अध्यक्ष श्रेष्ठले प्रतिबद्धता जनाए । कार्यक्रममा विभिन्न संस्थालाई सहयोग गर्ने व्यक्ति तथा अतिथिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# ‘मधेश माटो पार्क’को शिलान्यास



**वीरगन्ज/मस–** पर्साको पोखरीया नगरपालिका- ९ मा ‘मधेश माटो पार्क’ को शिलान्यास गरिएको छ ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउत र मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संयुक्त रूपमा पार्कको शिलान्यास गरेका हुन् । मधेश प्रदेश सरकारले उक्त पार्कमा हाल बाउण्ड्री वाल (पर्खाल) र मुख्य प्रवेशद्वार निर्माणका लागि चालु आर्थिक वर्षको बजेटमा १ करोड रुपैयाँ विनियोजन गरिसकेको छ । ‘मधेश माटो पार्क’लाई मधेशको एकता, पहिचान र गौरवको प्रतीकको रूपमा विकास गर्ने लक्ष्य लिएको अध्यक्ष राउतले बताए ।

उनका अनुसार पार्कमा मधेश प्रदेशका १३६ वटै पालिकाका ऐतिहासिक, सांस्कृतिक र पहिचान झल्काउने धार्मिक एंव ऐतिहासिक स्थलबाट संकलन गरिएको माटो स्थापना गरिनेछ । अध्यक्ष राउतले केही वर्षअघि सञ्चालन गरेको ‘माटो यात्रा’ अभियान अन्तर्गत मधेश प्रदेशका विभिन्न ठाउँको माटो संकलन गरेका थिए । त्यही माटोलाई पार्कमा स्थापित गरिने छ ।

“आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्दै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो“

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति १९९६/१०/१८
स्व. इन्द्रलाल अधिकारी
स्वर्गारोहण २०८२/१/१७

हाम्रा शुभेच्छुक सहयोगी मित्र, विज्ञापन बोर्डका सदस्य, नेपाल प्रेस युनियन सुनसरीका निवर्तमान अध्यक्ष, नेपाल विज्ञापन संघ कोशीका अध्यक्ष, पाथीभरा जब लिंकका संस्थापक, पाथीभरा एड्भरटाइजिङ प्रा.लि.का सीईओ तथा समाजसेवी पवन अधिकारीज्यूका पुजनीय पिता

इन्द्रलाल अधिकारीको

यही मिति २०८२ वैशाख १७ गते ८६ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै, यस दुःखद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह परिवार
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

**यूएईमा रोजगार**
कम्पनी: KADEX FACILITY MANAGEMENT SERVICES
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२८
चलानी नं.: ६०२३७६०२
L.T. No.: 323639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 10 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper /labourer / ceramic worker /building worker | 20 | 0 | | 1000 | ३७,११० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कम्नी काठमाण्डौमा २०८२ जेठ ५ गते (19 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२९ वैशाख २०८२ सोमबार
12 May 2025, Monday

सम्पादकीय

## कश्मीर संकटको शिक्षा

कश्मीरमा १ जना नेपालीसहित २६ जना पर्यटकको ज्यान लिनेगरी भएको आतंकवादी हमलाका कारण भारत र पाकिस्तान एकअर्काविरूद्ध युद्धमै पुगे । २६ जनाको ज्यान लिने आतंकवादीलाई पाकिस्तानले आश्रय दिएको आरोपमा भारतले जबाफी आक्रमण गरेको थियो । विभिन्न ९ स्थानमा भारतले गरेको आक्रमणमा ३१ जनाको ज्यान गएको पाकिस्तानी अधिकारीहरूले दाबी गरेका थिए । भारतीय सेनाको आक्रमणमा मस्जिद र सर्वसाधारण नागरिक परेको पाकिस्तानी अधिकारीहरूले बताएका थिए । मस्जिद र सर्वसाधारणमाथि भारतीय आक्रमणको जबाफमा पाकिस्तानले पनि जबाफी आक्रमण गऱ्यो । केही दिन कश्मीरसहित भारत र पाकिस्तान युद्धमै होमिएका थिए । दुवै देशका सार्वजनिक गतिविधि, हवाई उडानसहितका गतिविधि रोकेर देश युद्धमा रहेको सन्देश दिइएको थियो । यद्यपि, अमेरिका, चीनलगायत देशहरूको दबाब र मध्यस्थतामा युद्धविराम भएको छ ।

भारत र पाकिस्तान युद्धविराम गर्न तयार भएका खबरले संसारलाई खुसी दिएको छ । तत्काललाई युद्ध टरेकामा बढी खुसी हुने देशहरूमा नेपाल अग्रभागमै पर्छ किनकि त्यो युद्धबाट धेरै नोक्सानी खेप्ने देशभित्र नेपाल पर्थ्यो । भारत र पाकिस्तान दुवै नेपालका दक्षिण एसियाली छिमेक हुन् । भारतसँग हाम्रो खुल्ला सीमा मात्र नभएर भारतीय सेनामै नेपाली युवकहरू छन् । युद्ध हुँदा भारतीय सेनाका तर्फबाट नेपालीहरूले युद्ध लड्नुपर्ने हुन्थ्यो । तसर्थ, युद्ध विरामको खुसियाली नेपाली समाजमा स्वाभाविक परिस्थिति हो ।

तर, हामीले युद्ध विरामको खुसी मनाएर मात्र पुग्दैन बरू यो युद्धका क्रममा देखिएका परिदृश्य र घटनाक्रमबाट नेपालले थुप्रै पाठ सिक्नुपर्ने छ । विशेषगरी छिमेक सम्बन्ध र मुलुकको परराष्ट्र नीतिबारे गम्भीर विमर्श आवश्यक देखिएको छ । कतिपयले सरकारले लिएका निर्णयहरूलाई सकारात्मक भनेका छन् भने कतिपयले सार्क अध्यक्ष राष्ट्रका हैसियतले खेल्नुपर्ने भूमिकामा नेपाल चुकेको विश्लेषण गरिरहेका छन् । हुनुपर्ने के थियो ? भयो के ? भन्नेबारे नेतृत्व पंक्तिले विमर्श गर्दा आगामी दिनका निम्ति सहज हुने छ । तर, कश्मीर युद्धबाट नेपालले अरू पाठ पनि सिक्नुपर्ने छ । राजनीति र धर्मको सीमारेखा प्रस्ट हुन नसक्नुको परिणाम हो, कश्मीर संकट । धार्मिक कट्टरतालाई राजनीतिक हतियार बनाइँदा भारत र पाकिस्तानबीचको तनाव कहिल्यै समाधान हुन नसक्ने जस्तो देखिएको छ । नेपाल जस्तो बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय मुलुकले कश्मीर घटनाबारे सिक्नुपर्ने यो अर्को महत्त्वपूर्ण शिक्षा हो ।

सन्दर्भ : बुद्धजयन्ती

# बौद्ध परम्परा र धार्मिक समन्वय

*नेपालको विद्यमान धार्मिक संरचनामा पछिल्लो समयमा देखापरेको इसाईकरणले धेरै विविधीकरण गरिदिन थालेको छ । मित्रवत् र सम्मानित व्यवहारमा खेल्न र खेलाउन थालिएको छ...*

अग्रलेख



● डा. उद्धव पुरी

नेपाल सनातन र बौद्ध धर्मको जननी भूमि हो । यी दुवै धर्मका भगवान् वा महान व्यक्तित्वहरू यसै भूमिमा जन्मेका छन् । सनातन धर्मका त अधिकांश वेद, पुराण र मन्त्रहरू पनि यहीँ तयार भएका हुन् । त्यसैले, भारत वर्षमा सत्ययुगदेखि परिचित देश नेपाल हो । यसलाई देव भूमि भनिएको छ ।

देवी देवताहरूको बास यही भएको छ । अहिले पनि प्राकृतिक रूपमा यति विशिष्ट हावापानी, मौसम वा मनमोहक वातावरण भएको स्थान सबैतिर भेटिँदैन । त्यसैले, नेपाल कुनै नयाँ देश होइन र यो वैदिकदेखि प्राचीन सभ्यताको इतिहास देखाउने खुल्ला संग्रहालय पनि हो ।

यहाँ मानिसको आगमन र बसोबासको पुरानै इतिहास छ । यहाँ संसारले मानेका प्राचीन धर्महरूमध्ये सनातन र बौद्ध धर्मको इतिहास छ । दुवै धर्म अहिलेसम्म पनि एकआपसमा समन्वयात्मक रूपमा चलिरहेका छन् । दुवैको धर्म र संस्कृतिको आध्यात्मिक एवं धार्मिक क्रियाकलापहरू गर्न नेपाल एक शान्तिपूर्ण धार्मिक एवं आध्यात्मिक भूमि बनेको छ ।

सनातन धर्मको शिव, विष्णु र बौद्धको गौतम बुद्धलगायत धेरै बुद्धहरू यहीँ छन् । उनीहरूको देवस्थल पनि यहीँ छ । दुवैका सांस्कृतिक गतिविधि र सांस्कृतिक सम्पदाहरू यहीँ छन् । दुवैको भाव मिश्रित कला कृतिहरू पनि यहीँ बनेका छन् । यस्तो धार्मिक र सांस्कृतिक समन्वय संसारको अरू देशहरूमा पाइँदैन किनभने नयाँ देशहरूमा धार्मिक विवाद र लडाइँ छ ।

कतैकतै शान्त देखिए पनि बहुमत भएका धर्म र संस्कृतिका मानिसहरूले अल्पमतमाथि दमन गरेका छन् र उनीहरूका धर्म र संस्कृतिका कुराहरू मेटाइरहेका छन् ।

नेपालको सनातन बौद्धबीच धेरै हदसम्म आपसी समन्वय भएको पाइन्छ । दुवै धर्मावलम्बीहरूले एकै साथ, एकै स्थानमा छुट्टाछुट्टै विधि र परम्पराले आफ्नो नियमति अभ्यास गर्छन् । दुवैले एकअर्काको अभ्यासलाई सम्मान र स्वीकार पनि गर्छन् ।


कतिपय अवस्थामा आफू सनातन हो कि बौद्ध हो भन्न पनि पर्वाह गर्दैनन् । त्यसैले, प्रायः सबैजसो मन्दिरसँग चैत्य जोडिएका छन् र चैत्यका नजिक सनातनी देवी-देवताहरू छन् । दुवैले दुवैको पूजा आराधना गर्छन् । चाडपर्वहरू मान्छन् ।

केवल फरक भित्री भेदमा देखिन्छ । दुवैले एकै थलो र एकै देवी-देवतालाई बेग्लाबेग्लै नाम र बेग्लाबेग्लै देवी-देवताका रूपमा मान्छन् । जस्तो कि स्वयम्भूको पश्चिमतर्फको चुचुरामा रहेको प्राचीन मन्दिरलाई सनातनीहरू सरस्वती मन्दिर मान्छन् भने बौद्धहरू मञ्जुश्री चैत्य मान्छन् ।

एकै स्थान र एकै देवलाई एउटाले महिला देवी र अर्कोले पुरुष देवता मानेको देखिन्छ । त्यहाँ सरस्वती र मञ्जुश्री दुवैका मूर्ति छैनन् । त्यो त्यसबेलादेखिको स्थल हो, जतिबेला मूर्ति निर्माणको प्रचलन पनि थिएन भन्ने छ ।

सरस्वती पूजाका दिन दुवै धार्मिक सम्प्रदायका मानिसहरू एकसाथ माघ शुक्ल वसन्त पञ्चमीका दिन त्यहाँ पुग्छन् । सनातनवालाहरू सरस्वतीलाई ज्ञानकी देवी वागेश्वरी मान्छन् भने बौद्धहरू मञ्जुश्रीलाई बोधिसत्व भनी वागेश्वराय मान्छन् । दुवैले आफ्नो विधि परम्पराअनुसार पूजा गर्छन् । विद्या र ज्ञान प्राप्ति र वृद्धिका लागि मान्छन् ।

बौद्ध धर्ममा बुद्ध र सनातनमा शिवको स्थान प्रमुख छ । बुद्धलाई सनातनवालाहरू आफ्नो भगवान् मान्छन् र अरू देवी-देवतालाई जस्तै पूजा पनि गर्छन् । कतिले त विष्णुका विभिन्न अवतारमा बुद्ध अवतारलाई पनि मानेका छन् ।



यता, सनातन धर्मका आराध्यदेव पशुपतिनाथलाई महायानी बौद्धहरूले पनि उत्तिकै आदरपूर्वक मान्छन् भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । नेपालमा नवौं शताब्दीतिर तन्त्रमन्त्रको ज्यादै विकास भएको थियो । शैव तन्त्र बौद्ध तन्त्रको आफ्नो विशिष्ट स्थान बनाउन प्रतिस्पर्धात्मक लडाइँ भएको थियो भन्ने मानिन्छ ।

सनातन शैवमार्ग र महायान बौद्धको बज्रयानमा तन्त्रमन्त्रको महत्त्व रहन्छ । दुवैले आफ्नो मन्त्र शक्तिले नै पूजा आराधना गर्छन् । त्यस्तै, पशुपतिमा पनि यो चलन देखिन्छ । हरेक कात्तिक शुक्ल अष्टमीका दिन पशुपतिलाई बौद्धहरू बोधिसत्वका रूपमा बेग्लै पूजा गर्छन् ।

त्यसैगरी हरेक माघ शुक्ल चर्तुदशीका दिन पशुपतिलाई बुद्ध रूपको छाया दर्शन गराइन्छ । त्यसैगरी पशुपतिको शिव लिंगको दक्षिणतर्फको अघोर मुखलाई बोधिसत्वको रूप मानिन्छ । धेरैले यद नगरेको हुन सक्छ- पशुपति मन्दिरको बाहिरतर्फको दक्षिण भित्तामा एउटा ध्यानी वा स्थवीरवादी बुद्ध र उडिरहेको जस्तो आकाश योगिनी देख्न सकिन्छ ।

पशुपति बौद्ध र सनातनको समान्वयात्क धार्मिक स्थल हो भन्ने अर्को उदाहरण मन्दिरको पूर्वतर्फ बाग्मती नदीका किनाराको चट्टानको भीरमा २ गुफा छन् । ती गुफाहरू महायान बौद्ध धर्मका लागि अति नै महत्त्वपूर्ण अभ्यास स्थल हो, जहाँ नेपालबाट मात्र होइन, भारतबाट समेत बौद्धमार्गीहरू आउँछन्, जसलाई नरोपा र तिलोपा भनिन्छ ।

त्यही नजिकै चट्टान छ, जसले बाग्मतीलाई थुन्छ । मञ्जुश्रीले तलाउको पानी काटी पठाउँदा त्यहाँ पनि काटेका थिए । अन्यथा, उपत्यकाको सबै पनि बाहिर जान सक्दैन । मञ्जुश्रीले त्यही गुह्येश्वरीमा उनका साथमा रहेका २ श्रीमती र आफूसँग आएका अनुयायीहरू लगेर पूजा गरेका थिए । गुह्येश्वरी अर्थात् महादेवकी श्रीमती सतीदेवीको गुह्य अंग पतन भएको स्थान मानिन्छ भने बौद्धहरू गुह्येश्वरीलाई नैरात्म्य योगिनी भनी मान्छन् ।

> नेपालमा वैदिककालदेखि सनातन र बौद्धको आफ्नै गौरवमय इतिहास बन्दै आएको छ भने पछिल्लो समय वा मध्यकालदेखि मुसलमानहरू पनि यही मार्गमा जोडिएका छन् । नेपाल उपत्यका र त्यसबेलाका पहाडी राज्यहरूमा विभिन्न कारण र माध्यमबाट आएका मुसलमानहरू बौद्ध सनातन जस्तै नेपाली भएका छन्...

नेपालमा बुद्ध पूर्णिमा वा जयन्ती र लुम्बिनी सबै नेपालीको पवित्र दिन र तीर्थस्थल हो । त्यसलाई मनाउन र मान्न सबै तयार हुन्छन् । नेपालमा रहेका मुसलमानहरू पनि यो परम्परागत र निरन्तर चल्दै आएको धार्मिक, सांस्कृतिक समन्वयमा सहभागीसमेत हुने गर्छन् ।

नेपालमा वैदिककालदेखि सनातन र बौद्धको आफ्नै गौरवमय इतिहास बन्दै आएको छ भने पछिल्लो समय वा मध्यकालदेखि मुसलमानहरू पनि यही मार्गमा जोडिएका छन् । नेपाल उपत्यका र त्यस बेलाका पहाडि राज्यहरूमा विभिन्न कारण र माध्यमबाट आएका मुसलमानहरू बौद्ध सनातन जस्तै नेपाली भएका छन् । उनीहरू आफ्नो धर्म र संस्कृति मान्छन् ।

बौद्ध सनातनको धर्म र परम्परामाथि पनि उत्तिकै सम्मानभाव राख्छन् । एकआपसमा चाडबाड मिलेर मान्छन् । मलामी र जन्त जान्छन् । 'म नेपाली हुँ, नेपाल मेरो देश हो' भन्छन् ।

तर, नेपालको विद्यमान धार्मिक संरचनामा पछिल्लो समय देखापरेको इसाईकरणले धेरै विविधीकरण गरिदिन थालेको छ । मित्रवत् र सम्मानित व्यवहारमा खेल्न र खेलाउन थालिएको छ ।


तर, सचेत हुँदै शान्त र सुन्दर नेपाल चाहने सनातन, बौद्ध र मुसलमानहरूले नेपाली समाजमा विद्यमान धार्मिक व्यवहारको समन्वयात्मक चरित्रभन्दा राम्रो र सुन्दर पक्ष अरू छैन भन्ने ठानेका छन् ।

## इतिहासमा आज

१२ मे २०२४ मा सौर्य आँधीको हेलोविन सौर्य आँधीपछि भू-चुम्बकीय आँधीको सबैभन्दा शक्तिशाली तरंग देखिएको थियो ।



१२ मे २०१७ मा 'वानाक्राई ऱ्यान्समवेयर' नामको कम्प्युटर भाइरसको आक्रमणले विश्वभर ४ लाखभन्दा बढी कम्प्युटरहरूलाई असर गरेको थियो, जसले संयुक्त अधिराज्यका राष्ट्रिय स्वास्थ्य सेवा र टेलिफोन सेवालाई प्रभावित बनाएको थियो ।




१२ मे २०१५ मा संयुक्त राज्य अमेरिकाको फिलाडेल्फियामा रेल पटरीबाट खस्दा ८ जनाको मृत्यु भएको थियो भने २०० भन्दा बढी घाइते भएका थिए ।



१२ मे २०१० मा अफ्रिकिया एयरवेजको उडान ७७१ लिबियाको त्रिपोलीमा रहेको त्रिपोली अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्ने अन्तिम समयमा दुर्घटनाग्रस्त बन्यो, जसमा सवार १०४ जनामध्ये १०३ जनाको मृत्यु भएको थियो ।



# नेपालको पर्यटन र बौद्ध धर्म

विचार



● राजेन्द्र गजुरेल

> *विश्वमा करिब ५० करोड बौद्ध धर्मावलम्बी छन्, जसको केही हिस्सा मात्र निरन्तर आउने अवस्था बन्यो भने नेपालमा पर्यटन व्यवसाय निकै फस्टाउने देखिन्छ । यसका निम्ति उचित वातावरण बनाउनु आजको आवश्यकता हो...*

नेपाल हिमालयको काखमा अवस्थित एक सुन्दर देश हो, जसले विश्वभरका पर्यटकहरूलाई आफ्नो अद्वितीय प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक सम्पदाहरूको माध्यमबाट आकर्षित गर्दै आएको छ ।

नेपाल मात्र विश्वकै सर्वोच्च शिखर सगरमाथाको कारणले प्रसिद्ध छैन, यो त्यति नै महत्वपूर्ण सांस्कृतिक केन्द्र पनि हो, जहाँ विभिन्न धार्मिक विश्वासहरू, परम्पराहरू र जीवनशैलीहरू एकआपसमा मिसिएका छन् । तीमध्ये विशेषगरी बौद्ध संस्कृति नेपालको पहिचानको एक अमूल्य पाटो हो, जसले पर्यटन क्षेत्रलाई गहिरो असर पुऱ्याएको छ ।

नेपाल बौद्ध धर्मको उद्गमस्थलमध्ये एक मानिन्छ । बुद्धको जन्मस्थल लुम्बिनी नेपालको रुपन्देही जिल्लामा पर्छ । यही पवित्र भूमिमा इसापूर्व ६४३ तिर सिद्धार्थ गौतमको जन्म भएको हो, जसले पछि बुद्धत्व प्राप्त गरेर संसारलाई शान्ति र ज्ञानको मार्ग देखाए ।

लुम्बिनी अहिले युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत स्थल हो र यहाँ बर्सेनि लाखौं बौद्ध श्रद्धालु तथा पर्यटकहरू आउने गर्छन् । लुम्बिनीमा रहेका मायादेवी मन्दिर, अशोक स्तम्भ, पवित्र पोखरी र विभिन्न देशहरूले निर्माण गरेका अन्तर्राष्ट्रिय स्तूपाहरू बौद्ध संस्कृतिका समृद्ध प्रतीकहरू हुन् ।

बौद्ध धर्मको प्रभाव नेपालका पहाडी तथा हिमाली भेगमा अझ बढी देखिन्छ । विशेषगरी शेर्पा, तामाङ, गुरुङ, भोटिया जस्ता समुदायहरूले बौद्ध परम्परालाई आज पनि गहिरो रूपमा अपनाएका छन् । तिनीहरूको मौलिक भाषा, पोसाक, धार्मिक अनुष्ठान, संगीत र नृत्यहरूले बौद्ध दर्शनको झल्को दिन्छन् ।

राजधानी काठमाडौं उपत्यका बौद्ध सांस्कृतिक सम्पदाले भरिएको छ । स्वयम्भूनाथ र बौद्धनाथ स्तूपा जस्ता विश्व प्रसिद्ध स्थलहरूले काठमाडौंलाई बौद्ध धर्मको केन्द्र बनाएका छन् । यी स्थानहरूमा बिहानैदेखि पूजा गर्ने स्थानीयहरू, ध्यानमा बसेका भिक्षुहरू र दर्शन गर्न आउने पर्यटकहरूको भीड देख्न सकिन्छ ।

नेपालको पर्यटन क्षेत्र बौद्ध संस्कृतिसँग गहिरोसँग सम्बन्धित छ । आध्यात्मिक पर्यटन नेपालमा तीव्र रूपमा बढिरहेको छ । विशेषगरी बौद्ध धर्ममा आस्था राख्ने जापान, चीन, श्रीलंका, थाइल्यान्ड, भुटानलगायतका देशबाट हजारौं पर्यटक नेपाल आउने गर्छन् । लुम्बिनी मात्र नभई काठमाडौं, पोखरा, इलाम, सोलुखुम्बू जस्ता ठाउँहरूमा पनि बौद्ध गुम्बा, मठहरू र ध्यान केन्द्रहरू छन्, जसले पर्यटकहरूलाई आकर्षित गर्छन् । बौद्ध धर्ममा आधारित ध्यान र योग अभ्यासको चाहना राख्ने विदेशीहरूका लागि नेपाल एक प्रमुख गन्तव्य बनेको छ ।

नेपाल सरकारले समेत लुम्बिनी विकास परियोजनामार्फत बौद्ध पर्यटनलाई प्रवर्द्धन गर्ने कार्यमा सक्रियता देखाउँदै आएको छ । लुम्बिनीलाई अन्तर्राष्ट्रिय तीर्थस्थल बनाउने योजनाअन्तर्गत आधारभूत पूर्वाधारको विकास, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, सडक पहुँच सुधार, पर्यटक आवास सुविधा विस्तार जस्ता कार्यहरू भइरहेका छन् । यसले स्थानीय रोजगारी सिर्जना मात्र होइन, नेपालको अर्थतन्त्रमा समेत उल्लेखनीय योगदान दिन सक्छ । बौद्ध संस्कृति नेपालको सौम्यता, सहिष्णुता र शान्तिको सन्देश हो । यो संस्कृति धर्म मात्र नभई जीवन पद्धति हो, जसले सम्पूर्ण मानव जातिका लागि प्रेम, करुणा र ज्ञानको मार्ग देखाउँछ । पर्यटकहरू यिनै गुणहरूमा प्रभावित भएर नेपाल आउने गर्छन् ।

स्थानीय समुदायले पनि बौद्ध धर्मको आदर्शलाई आत्मसात् गर्दै आफ्नो अतिथि सत्कारको परम्परालाई मजबुत बनाएका छन्, जसले पर्यटन अनुभवलाई अझ स्मरणीय बनाउँछ ।

नेपालको बौद्ध संस्कृति र पर्यटनबीचको सहकार्य दिगो विकासको दृष्टिकोणबाट पनि महत्वपूर्ण छ । बौद्ध धर्मावलम्बीको मुख्य आस्थाको थलो नै नेपाल हो । नेपालको लुम्बिनी, जहाँ बुद्धको जन्म भएको थियो । उत्तरतर्फको चीन र दक्षिणतर्फको भारतसहित अन्य थुप्रै बौद्ध धर्म मान्ने देशका धर्मालम्बीहरू सकेसम्म नेपाल आउँछन् । विश्वमा करिब ५० करोड बौद्ध धर्मावलम्बी छन्, जसको केही हिस्सा मात्र निरन्तर आउने अवस्था बन्यो भने नेपालमा पर्यटन व्यवसाय निकै फस्टाउने देखिन्छ । यसका निम्ति उचित वातावरण बनाउनु आजको आवश्यकता हो ।

तर, पर्यटन विकाससँगै बौद्ध संस्कृति र सम्पदाको संरक्षणमा विशेष ध्यान दिन आवश्यक छ । अत्यधिक पर्यटक आगमन, भौतिक संरचना विस्तार र व्यवसायीकरणले कहिलेकाहीं मौलिकता कमजोर बनाउने सम्भावना रहन्छ । त्यसैले, संस्कृति र पर्यटनबीच सन्तुलन कायम राख्दै दिगो रणनीति अवलम्बन गर्नु अहिलेको आवश्यकता हो ।

अन्ततः, नेपालले बौद्ध संस्कृतिको अमूल्य सम्पदा र प्राकृतिक सौन्दर्यको अद्भुत संयोजन प्रस्तुत गर्दै विश्व पर्यटन नक्सामा आफूलाई विशेष स्थानमा राख्न सफल भएको छ । यदि राज्य, निजी क्षेत्र र स्थानीय समुदायहरूबीचको सहकार्य अझ सुदृढ भयो भने नेपाललाई विश्वकै प्रमुख बौद्ध पर्यटक गन्तव्य बनाउने सपना अवश्य साकार हुन सक्छ ।

बौद्ध संस्कृतिको शान्तिपूर्ण सन्देश र नेपालको अतुलनीय आतिथ्यभावले पर्यटकको मन जित्दै नेपालको विकास यात्रालाई समेत गति दिने छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

धितोपत्र बोर्ड अध्यक्षबारेका समाचार र गभर्नर नियुक्तिमा ढिलाइले ओली-देउवा गठबन्धनको उद्देश्य के थियो भन्ने थप प्रस्ट गर्छ । मध्यरातमा बिचौलियासँग भएका डिलमार्फत हुने नियुक्तिको सार कमिसन संकलन र राज्यदोहन नै हो । देश हाडछाला भइसक्दा पनि चुस्न नछोड्ने कस्तो चरित्र हो यो ?



**हरि रोका**

कांग्रेसले नियुक्त गर्ने कांग्रेसी गभर्नरलाई राज्यले किन बेहोर्नु ? एमालेले नियुक्त गर्ने अन्य संवैधानिक पदहरू अर्थात् खुलमखुल्ला एमाले प्रतिनिधिलाई जनताले किन स्वीकार्नु ? अलिकति त शरम मान देउवा र ओली । राज्य अर्थात् सरकार हुनुको अर्थ पार्टी विशेषको राज्यमाथि प्रत्यक्ष हैकम वा शासन होइन ।



**नवराज पन्त**

काठमाडौं विश्वको एक उत्कृष्ट शहर हुने छ । काठमाडौंको औसत तापक्रम २३ डिग्री सेल्सियस छ, यो उत्कृष्ट तापक्रम हो । घरमा अल्कालाइन पानी हुने छ, उपत्यकालाई सस्तो बनाउन सकियो भने प्रदूषण शून्यमा झर्ने छ । एक घर, एक रूख, कौसीखेती र ग्रिनबेल्ट सडक अनिवार्य गर्न सकियो भने यो ड्रिम सिटी हुने छ ।



**प्रेमकान्त अधिकारी**

उही पञ्चायतकालीन चरित्र, चिन्तन, आचरण, व्यवहार, संस्कार दोहोऱ्याउने हो भने प्रजातन्त्रको सट्टा शब्द, वाक्य, अक्षर, आवरण मात्र परिवर्तनको अर्थ औचित्य के ? अहिले पनि आन्दोलन गर्नुपरेको यस्तै शासकीय व्यवहारले गर्दा हो । आफ्ना कामकारबाही पश्चगमन उन्मुख भएको हेक्का रहोस् त ।

# जनरल नर्सिङ कार्यक्रममा मतभेद




**काठमाडौं / मस**–जुनसुकै विषयमा कक्षा १२ उत्तीर्ण विद्यार्थीले जनरल नर्सिङ पढ्न पाउने गरी डिजाइन गरिएको नयाँ कार्यक्रममा मतभेद देखिएको छ । चिकित्सा शिक्षा विधामा नर्सिङतर्फ नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न चिकित्सा शिक्षा आयोगले थालेको प्रयासमा मतभेद देखिएको हो ।

नयाँ कार्यक्रमका लागि तीनवर्षे जनरल नर्सिङ पाठ्यक्रम स्वीकृत गरिएको तर बाहिर आउँदा दुई वर्षे भनेर प्रचार भएपछि यसमा फरक मत राख्नेहरू बढेका छन् । हालसम्म नेपालमा एसईई उत्तीर्ण विद्यार्थीले पीसीएल नर्सिङ, प्रमाणपत्र मिड्वाइफेरि तथा कक्षा १२ उत्तीर्ण विद्यार्थीले स्नातक तहमा बीएस्सी, बीएनएस नर्सिङ र बीएस्सी मिड्वाइफेरि पढ्न पाउने व्यवस्था छ । तर कोटा प्रणालीमा भर्ना हुन सक्ने व्यवस्थाले नर्सिङ पढ्न चाहनेहरू बन्चित भएको अवस्थालाई मध्येनजर गरेर नयाँ कार्यक्रम सुरू गर्न लागिएको बताइएको छ ।

आयोगले नेपाल नर्सिङ काउन्सिलका अध्यक्ष सरला केसीको संयोजकत्वमा गठन गरेको नर्सिङसम्बन्धी कार्यदलले पनि कक्षा १२ पछि मात्रै नर्सिङ पठनपाठन व्यवस्था गर्न उपयुक्त हुने सिफारिस गरेको थियो ।

कक्षा १२ पूरा गरेपछि जनरल नर्सिङ कार्यक्रम सञ्चालन गर्न विज्ञ सम्मिलित कार्यदलले पनि सुझाएको थियो ।

पीसीएल नर्सिङमा सीटीईभीटीसँग २ हजार ८० सिट छ । बीएस्सी नर्सिङका लागि सिट संख्या १ हजार ७२० मात्रै भएकाले सबै विद्यार्थीले भर्ना पाउन सक्ने अवस्था छैन ।

सिट संख्याभन्दा धेरैले आवेदन दिने भएपनि सिमितले मात्र पढ्न सक्ने अवस्था छ । यही कुरालाई हेरेर आयोगले जनरल नर्सिङको नयाँ कार्यक्रम सुरु गर्न सरकारलाई सुझाव दिएको थियो ।

आयोगको गत कात्तिक २१ गतेको निर्णय अनुसार काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सेसको नर्सिङ निर्देशक प्रा.डा.कुन्तादेवी पुनको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदलमा नेपाल नर्सिङ काउन्सिलकी अध्यक्ष प्रा.सरला केसी, महाराजगञ्ज नर्सिङ क्याम्पसकी प्रमुख प्रा.मुना राना, वीर अस्पताल नर्सिङ क्याम्पस प्रमुख सह प्रा. बन्दना थापा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी सहसचिव हिराकुमारी निरौला सदस्य थिए भने चिकित्सा शिक्षा आयोगकी अस्पताल नर्सिङ प्रशासक भारती शर्मा सदस्य सचिव थिइन् ।

जनरल नर्सिङ कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन भएको ५ वर्षभित्र कक्षा १० पछि पढाई हुने प्रमाणपत्र तह नर्सिङ फेज आउट गर्दै लैजानुपर्ने सुझाव पनि कार्यदलले प्रतिवेदन मार्फत दिएको छ ।

'नर्सिङ शिक्षामा सुधार: जनरल नर्सिङ कार्यक्रम सही कदम हो' ? भन्ने शीर्षकमा आइतबार काठमाडौंमा आयोजना भएको एक कार्यक्रममा आयोगकी निर्देशक प्रा.डा.सरला श्रेष्ठले विज्ञहरू सहभागी कार्यदलले दिएको सुझाव र त्यसपछि भएका छलफलपछि मिडवाइफ्रीका विषय पनि जनरल नर्सिङ कार्यक्रममा हुने भएकाले तीन वर्षको कोर्ष सुरू गर्ने निर्णय आयोगले गरेको जानकारी दिइन् ।

नर्सिङ विधाका विभिन्न पक्षमा सुझाव सिफारिसका लागि गठित कार्यदलकी सदस्य समेत रहेकी स्वास्थ्य मन्त्रालय अन्तर्गतको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाकी निर्देशक हिरा निरौलाले जनरल नर्सिङका विषयमा तीन वर्षकै हुने भने निर्णय भएर आएको जानकारी दिइन् । बाहिर हल्ला भए जस्तो दुई वर्ष हुने भन्ने कुरा साँचो नभएको उनको जिकिर थियो ।

सरकारले हालै मात्र प्रस्तुत गरेको नीति तथा कार्यक्रममा पनि जनरल नर्सिङको विषय समावेश भएको छ । तर कति समयावधिको हुने भन्ने प्रष्ट उल्लेख गरिएको छैन । नयाँ ढाँचाको कोर्स पढ्ने विद्यार्थीले एकेडेमिक मान्यता पाउने कि नपाउने ? त्यसभन्दा माथिलो लेभल पढ्न चाहना भएका विद्यार्थीले पढ्न पाउँछन् कि पाउँदैनन् भन्ने विषय स्पष्ट छैन ।

कक्षा १२ पछि तीनवर्षे जनरल नर्सिङ अध्ययन गरिसकेपछि थप दुईवर्षे पिबिबिएन कोर्ष गरेमा ब्याचलर तह उत्तीर्ण हुने र त्यसपछि मास्टर्स अध्ययन गर्न सकिने भन्ने छ तर यसमा कतिपय अझै अलमल देखिन्छन् ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटीइभिटी) का सदस्य सचिव महेश भट्टराईले नेपालको सन्दर्भमा अहिले नै पीसीएल कोर्ष फेजआउट गर्ने समय नआएको बताए । नयाँ कोर्स थपिएपछि अहिले चलिरहेको पीसीएल कोर्सलाई प्रभाव पर्ने भन्दै जनरल नर्सिङ कोर्सको अहिले आवश्यकता नदेखिएको उनको धारणा छ ।

संसदको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मर बहादुर थापाले जनरल नर्सिङ कार्यक्रमका फाइदा र बेफाइदाका विषयमा गहन छलफल गरेर मात्र अगाडि बढ्नुपर्नेमा जोड दिए । उनले सम्बन्धित निकायबाट आएको सुझावलाई मध्येनजर गर्दै अगाडिका कार्यक्रम तय हुने जानकारी दिए ।

मेडिकल शिक्षासँग सरोकार राख्ने कतिपयले नयाँ कार्यक्रम व्यवसायिक प्रयोजनको लागी मात्र होकी ? भन्ने आशंका पनि व्यक्त गरेका छन् । अहिले पनि नेपालमा एसईई सकिएपछि पढ्न पाइने पिसीएल नर्सिङ, प्लस टूमा बिज्ञान विषय लिएर पढेकाहरूले स्नातक तहमा बीएस्सी, बीएनएस नर्सिङ र बीएस्सी मिड्वाइफेरि पढ्न पाउने व्यवस्था व्यवस्था छँदैछ । तर अहिले लागू हुन लागेको नयाँ कार्यक्रमले उत्पादनमा मात्र जोड दिने व्यवस्थापनमा वास्ता नगरिएको गुनासो छ ।

भएका जनशक्तिको व्यवस्थापन हुन नसकेको भन्दै, अहिले भएका जनशक्तिको व्यवस्थापन गर्न उनीहरूको जोड छ । जनशक्ति व्यवस्थापन हुन नसके विदेश पलायन हुने खतरा त छँदैछ । विदेश पठाउनकै लागि नयाँ कार्यक्रम ल्याइएको होकी ? भन्ने कतिपय सरोकारवालाको प्रश्न पनि छ । अहिले इजरायल, जापान जस्ता देशहरूमा नेपालबाट नर्सहरू लैजाने गरिएको छ ।

यो जनरल नर्सिङ कोर्स पनि त्यसैलाई सघाउन ल्याइएको भन्ने पनि एकथरीको मत छ । तर आयोगले बनाएको कार्यदलले नर्सिङ पढ्न चाहनेहरूले सिट संख्यामा सिमित भएर पढ्नबाट बन्चित हुनुपर्ने अवस्थालाई हटाउन यो कार्यक्रमको सिफारिस गरेको स्पष्ट पारेको छ ।

यही विवाद र अस्पष्टताको सेरोफेरोमा रहेर गरिएको कार्यक्रममा शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मर बहादुर थापा, नर्सिङ महाशाखाकी निर्देशक हिरा निरौला, चिकित्सा शिक्षा आयोगकी निर्देशन प्रा.डा. सरला श्रेष्ठ, नर्सिङ काउन्सिलकी रजिष्ट्रार शुक्ला खनाल, सिटिइभिटीका सदस्य सचिव महेश भट्टराई, नेपाल नर्सिङ संघकी अध्यक्ष चन्द्रकला शर्मालगायत अन्य थुप्रै सरोकार वालाहरूले यस विषयमा आफ्नो धारणा राखेका थिए ।

# सबै आयोजनालाई उच्च प्राथमिकतामा राखेर काम गरेका छौं: मन्त्री राणा

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
प्यूठान, २८ वैशाख



शहरी विकास तथा खानेपानीमन्त्री रोज राणाले लुम्बिनी प्रदेशका १२ जिल्लामा रहेका खानेपानी आयोजनालाई उच्च प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षको बजेट विनियोजन गरिने बताएका छन् ।

नेपाली कांग्रेस प्यूठानका ६४ वडा सभापति तथा ९ पालिका सभापति नेपाली कांग्रेसका अगुवानेताहरुसँग भएको विकास निर्माण सम्बन्धी छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राणाले प्यूठान जिल्लाको विकास फास्ट ट्याकमार्फत गरिने बताउँदै प्यूठानसहित लुम्बिनी प्रदेशबासी जनतालाई शुद्ध र सुरक्षित खानेपानी वितरणका लागि प्रयाप्त बजेट विनियोजन गरिने बताए । आगामी आर्थिक वर्ष २०८२/८३ मा सबै लुम्बिनी बासि लाई स्वच्छ र गुणस्तीय खानेपानी उपलब्ध गराउने तथा सरसफाइका क्षेत्रमा लगानी वृद्धि गरेर दिगो विकासको लक्ष्य हासिल गरिने मन्त्री राणाले दाबी गरे ।

प्रदेशका सबै खानेपानी योजनाहरु जेठ महिनाभित्र सम्पन्न गरिने लक्ष्य राखिएको र आफुले मन्त्रीको हैसियतले धेरै ठाउँका योजना समयमा काम सम्पन्न होस् भनेर नियमित अनुगमन गर्ने समेत मन्त्री राणाले जानकारी दिए । अघिल्लो सरकारका पालामा लुम्बिनी प्रदेशमन्त्री परिषद्को बैठकबाट संघीय समपुरकमा ४२ करोड विनियोजन गरी अधेरीखोला स्याउलीबाङ्ग सडकको काम अगाडि बढाएकोमा त्यस क्षेत्रका नेताहरुले मन्त्री सरोज थापालाई धन्यवाद समेत दिएका थिए ।

# रौतहटका नाकाबाट भैंसी तस्करी



**सत्येन्द्रप्रताप सिंह / मध्यान्ह**
रौतहट, २८ वैशाख

रौतहटका अधिकांश नाकाबाट भैंसी तथा राँगा तस्करी हुने गरेको छ । जिल्लाको भारतसँग जोडिएका ३२ किलोमिटरमा नेपाल प्रहरीको चौकीहरु र सशस्त्र प्रहरीको बिओपी रहेपनि दैनिक रुपमा भैंसी, राँगा तस्करी निर्वाध रुपमा नेपाल भित्रिने गरेको छ । सीमावर्ती क्षेत्रमा रहेका सशस्त्र तथा नेपाल प्रहरीका पोष्टका प्रमुखलाई प्रभावमा पारेर तस्कर हरुले भारतीय नाकाबाट भैंसी, गाई, राँगा, पाडी तस्करी गरी नेपाल भित्र्याउने गरेका छन् ।

भारतसँग जोडिएका औरैया, बन्जरहा, खापघिउरा, बंकुल, लक्ष्मीपुर बेलविछवा, रामपुर लगायतका बाटो भएर व्यापारीले भैंसी नेपाल भित्र्याएर राजपुर नगरपालिकाको कुडिया बजारमा ल्याउने गरेका छन् । कुडिया बजार नेपाल भारत सीमा क्षेत्र भन्दा करिव ५ किलोमिटर उत्तरमा रहेको बजार क्षेत्र हो । जहाँ राँगा भैंसीहरु भारतबाट तस्करीको माध्यमबाट ल्याएर काठमाडौं, पोखरा लगायत विभिन्न स्थानमा पठाउने गर्दछन् ।

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१/२७**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स.को वन क्षेत्रबाट तपसलको आ.व. उत्पादन भई तपसलिमा उल्लेखीत घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि.नं. | सामुदायिक वनको नाम / ठेगाना | लिलाम विक्रि गरनि वन पैदावार को विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | गौडेश्वर सा.व.उ.स नवदर्गा ४ | सल्ला | १०९ | १४०२।७९ | नवदर्गा २ दोगडा खोला पनखेत |
| २ | गोरखनाथ सा.व.उ.स नदर्गा १, ४ | सल्ला | १०८ | १५९०।५१ | |

## चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चन्द्रनिगाहपुर, रौतहट**
**मधेश प्रदेश, नेपाल**

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**चाँदी र बागमती खोलाको विभिन्न तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८२/०१/२९)**

मधेश प्रदेश, रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं. १, ३, ४, ५, ८ र ९ मा पर्ने चाँदी र बागमती खोलाको विभिन्न तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्ने चन्द्रपुर नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश |
| प्रस्तावको व्यहोरा | रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं. १ बागमती नदी र ३, ४, ५, ८ र ९ मा पर्ने चाँदी नदीको विभिन्न तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले दैनिक रुपमा १०० घ.मि. देखि ३०० घ. मी. सम्म संकलन गर्नु उत्खनन् तथा संकलन कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा/ गा.पा. | रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं. १, ३, ४, ५ ,८ र ९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना : वडा नं. ३, ४, ५, ८ र ९ चाँदी नदीको लागि ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : चन्द्रपुर नगरपालिका, चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश |
| परामर्शदाताको नाम र ठेगाना | नाम : क्याड ईन्जिनियरिङ् कन्सल्टेन्सी प्राइभेट लिमिटेड<br>ठेगाना : चन्द्रपुर-४, रौतहट, नेपाल |

**वडा नं. १ बागमती नदीको लागि ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : चन्द्रपुर नगरपालिका, चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश |
| परामर्शदाताको नाम र ठेगाना | नाम : ए. एस. सि. ईन्जिनियरिङ् कन्सल्टेन्सी प्राइभेट लिमिटेड<br>ठेगाना : चन्द्रपुर-८, रौतहट, नेपाल |


## कुबेतमा रोजगार

कम्पनी: Muscle Fuel Food Supplies Company — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०१/२८ — चलानी नं.: ६०२३७५७३ — L.T. No.: 323642

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commi iii/general cook | 2 | 0 | | 120 | ५३,३२२ | | | | | | | |
| 3. | PASTRY MAN-ASST | 1 | 0 | | 140 | ६२,२०९ | | | | | | | |
| 4. | SALAD MAN | 2 | 0 | | 140 | ६२,२०९ | | | | | | | |
| 5. | Service Crew (Sandwich Maker) | 2 | 0 | | 140 | ६२,२०९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ५ गते (19 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461

## JORDAN मा रोजगार वैदेशिक रोजगारको अवसर

कम्पनी: AL - BARON EST. FOR INTERMEIARY WORKS FOR RECRUITING AND USING DOMESTIC — शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०७८/०८/२९ — चलानी नं.: ६०२११५८७ — LT. No.: 296448 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 49 | सम्बन्धित काममा दक्ष | 300 | ४०,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary (Female) | 0 | 1 | | 400 | ५४,५२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ५ गते (19 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मेनपावर लिंक प्रा. लि.** — श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७५४१८, Email: info@manpowerlink.com

## मलेसियामा रोजगार

कम्पनी : RAHMAT BERNAS SECURITY SERVICES SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ — चलानी नं.: ६०२३७५३१ — L.T. No.:323581

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 54 | 0 | स. काममा दक्ष | 1700 | ५३,९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ५,६,७ गते (19,20,21 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Master Job
**मास्टर जब प्रा. लि.** — श्रम इजाजत नं.: ८२७/०६६/०६७
Tokha Municipality-07, Dhapasi (Chouki Opposite) Kathmandu, Nepal.
Phone No: 01-4983036 . Email: masterjob.doc@gmail.com Website: www.masterjobintl.com

## UAE मा रोजगारको अवसर
Al Sahraa Freight Transport and Logistic LLC

पूर्व स्वीकृती मिति: २०८२/१/२८ — चलानी नं. ६०२३७५९६ — LT No.: 323653

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 50 | 0 | काममा दक्ष | 1200 | ४४,६००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Helper | 40 | 0 | | 900 | ३३,४४०।- | | | | | | | |
| ३. | Mason | 50 | 0 | | 1200 | ४४,६००।- | | | | | | | |
| ४. | Steel Fixer | 50 | 0 | | 1200 | ४४,६००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ जेष्ठ ५ गते (19 May, 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

LOGIN INT'L — श्रम इजाजत नं.: १५४२/०७८/०७९
**Login International Overseas Recruitment Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Ph.: 01-5911074/75, 9708158351, 9840055357

## साउदीमा रोजगार

कम्पनी: PRIMA TRADING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/२७ — चलानी नं.: ६०२३७५८२ — L.T. No.:. 323637

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Repvesentative | 1 | 0 | स. काममा दक्ष | 2500 | ९०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ५ गते (19 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AIS
**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.** — श्रम ईजाजत पत्र नं. ०९९/०५३/००५४
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np, Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.

## साउदीमा रोजगार

कम्पनी: ZAHRAA ALI MOHAMMED AL BARQI CONTRACTING EST. — शहर: AL RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/२७ — चलानी नं.: ६०२३७५६९ — L.T. No.: 323631

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ५ गते (19 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

